# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७७।०८।२८ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला रुपन्देही, रोहिणी गाउँपालिका वडा नं. २ का वडाध्यक्ष सरोज कुमार पाण्डेले अनुदान स्वरुप रकम प्रदान गर्न सहजीकरण गरिदिएको भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरेको भन्ने उजुरी एवं सूचनाका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिई गएको टोलीले निज सरोज कुमार पाण्डेलाई सेवाग्राहीबाट रु. २०,०००।- (बीस हजार) घुस/रिसवत बापतको रकम लिएको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नम्वर ५ बाट कोभिड विशेष कृषि कार्यक्रमअन्तर्गत रोहिणी गाउँपालिकालाई विनियोजन भएको रकममध्ये बालीको उत्पादन र उत्पादकत्व बृद्धिको लागि बिउ उत्पादक समूह वा सहकारीलाई प्रोत्साहन कार्यक्रमका लागि नियमानुसार छनौट भएको जिल्ला रुपन्देही, रोहिणी गाउँपालिका वडा नं. २ मा रहेको बिराट कृषि सहकारी संस्था लिमिटेडलाई रू.२,००,०००/- अनुदान उपलव्ध गराउन सहजिकरण गरी दिएवापत कमिसनको रूपमा रू.४५,०००/- घुस/रिसवत माग गरेकोमा सेवाग्राहीलाई त्रास देखाई रू.२०,०००/- घुस/रिसवत लिई जिल्ला रुपन्देही, रोहिणी गाउँपालिका वडा नं. २ का वडाध्यक्ष सरोज कुमार पाण्डेले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले बिगो रू. २०,०००/- (बिस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिम सजाय हुनका साथै ऐनको दफा ३ को उपदफा (१) बमोजिम लिएखाएको घुस/रिसवत रकम निजबाट असुलउपर गरी जफत हुनसमेतको मागदावी लिइएको छ ।

त्यसैगरी बिराट कृषि सहकारी संस्था लिमिटेषका अध्यक्ष तथा निबेदक श्यामबचन यादवले घुस/रिसवतवापतको रकम रू.२०,०००/- आयोगको कार्यालयबाट बुझी लगेको नभई निजकै रहेको, उक्त रकम सरोज कुमार पाण्डेलाई दिनु पूर्व आयोगलाई जानकारी दिएको नपाईएको र रकम भुक्तानी भईसकेकोमा सहज तरिकाले वडा कार्यालयबाट सिफारिस गराएवापत र आगामी दिनमा पनि अनुदान रकम उपलब्ध गर्न सहजीकरनको लागिसमेत भनी माग भएको रकममध्ये वडा अध्यक्ष सरोज कुमार पाण्डेको कार्यकक्षमा गई आरोपित सरोज कुमार पाण्डेलाई रु.२०,०००/- घुस/रिसवत दिई निज निबेदक श्यामबचन यादवले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाईसमेत सोही ऐनको दफा ३ को उपदफा (३) मा उल्लेख भएबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१)को खण्ड (क) बमोजिम सजाय हुनका साथै सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम घुस/रिसवत दिएको रकम असुलउपर गरी जफत हुनसमेत मागदावी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
तारानाथ अधिकारी